नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
चाकुपाट, ललितपुर

फोन : ०१ ५५२८८६२
फ्याक्स :५५३५५१५
५५२८४२३

अत्यन्त जरुरी

पत्र संख्या: आ.प्र.२०७४/०७५
च.नं.: १०२८.

मितिः२०७५/०२/१०

<u>विषयः</u>- निर्णय गर्दा प्रष्ट राय दिनु पर्ने सम्बन्धमा।

श्री सडक विभाग (योजना तथा डिजाइन/पुल/संभार/यान्त्रिक/बैदेशिक समन्वयय महाशाखा),
श्री क्षेत्रीय सडक निर्देशनालयहरु(सबै),
श्री उत्तर दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय,
श्री आयोजना निर्देशनालय(ए.डि.बी.),
श्री सडक सुधार आयोजना(पि.सि.यु),
श्री हुलाकी राजमार्ग निर्देशनालय,
श्री डिभिजन सडक कार्यालयहरु(सबै),
श्री हेभी ईक्विप्मेन्ट डिभिजन/यान्त्रिक कार्यालयहरु(सबै),
श्री योजना/आयोजना कार्यालयहरु(सबै)।

प्रस्तुत विषयमा यस विभागका महाशाखा/शाखा/इकाई र अन्तर्गतका निकायहरुबाट निर्णयको लागि पेश गरिने फाईलहरुमा प्रष्ट राय नदिई जिम्मेवारी पन्छाउने उदेश्यले फाईलहरु पेश गर्ने गरिएको छ। यस प्रकारको फाईलमा निर्णयको लागि अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्न द्बुविधा उत्पन्न भई फाईल फिर्ता गर्नु परेको अवस्था छ। यसरी फाईल फिर्ता गरी पुनः फाईल पेश गर्न लगाउँदा निर्णय प्रक्रियामा लम्बिन गई समयमा निर्णय हुन नसक्नुको साथै अनावश्यक रुपमा हैरानी मात्र हुने गरेको अवस्था आएको छ।

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा १६(३) मा निर्णय गर्नु पर्ने विषयको कारबाही एक तहबाट प्रारम्भ भई अर्को तहबाट निर्णय गर्नु पर्ने रहेछ भने प्रत्येक तहमा संलग्न रहने पदाधिकारीले सो विषयमा आफ्नो स्पष्ट राय ठहर सहित निर्णय गर्नु पर्ने विषय निर्णय गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था छ भने, नियम १७ मा यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय कुन कुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सोको स्पष्ट आधार र कारण खुलाई निर्णय गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। साथै यसै ऐनको दफा २१ मा आफ्नो जिम्मेवारी पन्छाउन नहुने व्यवस्था रहेको छ भने, दफा २१(३) को व्यवस्था अनुसार जिम्मेवारी पन्छाउने विभाग अन्तर्गतको पदाधिकारीलाई विभागीय प्रमुखले चेतावनी दिन सक्नेछ। त्यस्तै गरी दफा २१(४) मा उपदफा (३) बमोजिम चेतावनी दिंदा पनि त्यस्तो पदाधिकारीको आचरण तथा काम कारबाहीमा सुधार नआएमा त्यस्तो पदाधिकारी उपर कार्यक्षमताको अभावको आधारमा प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ।

तसर्थ सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को उल्लिखित कानूनी व्यवस्था अनुसार निर्णय प्रक्रियामा सहभागी हुने प्रत्येक तहले आफ्नो स्पष्ट राय ठहर सहित निर्णय गर्नु पर्ने विषय निर्णय गर्ने अधिकारी समक्ष पेश गर्न/गराउन निर्देशन दिने र कानून बमोजिम स्पष्ट राय नदिने उपर प्रचलित कानून बमोजिम कारबाही गरिने व्यहोराको परिपत्र यस विभागका महाशाखा/शाखा/इकाई र अन्तर्गतका निकायहरुलाई गर्ने निर्णय मितिः २०७५/०२/१० मा महानिर्देशकज्यू बाट भएको हुँदा निर्णयानुसार गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

(सूर्य मणी गौतम)
प्रमुख लेखा नियन्त्रक

<u>नोटः</u> यसको **Scanned Copy** विभागको **Website: www.dor.gov.np** को "<u>परिपत्र</u>" भित्र रहेको हुँदा **Download** गरी प्राप्त गर्नु हुनेछ ।